स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



भारी बोक्ने भरियाको कथामा आधारित भएर बन्न लागेको फिल्म "कार्की साइँला"को शुभमुहूर्त गरिएको छ । सोमबार बिहान कोटेश्वरस्थित महादेवस्थान मन्दिरमा स्क्रिप्ट पूजा गर्दै फिल्मको मुहूर्त गरिएको हो । फिल्मको मुख्य कलाकार जितु नेपाल र वर्षा सिवाकोटीले मुहूर्त सट दिएका थिए। उनीहरुले पहिलो पटक फिल्ममा एकसाथ काम गर्न लागेका हुन् ।

**आजको विचार...**



अब .... (दुई पेजमा)

सोमबहादुर थापा

अभिनेता टीका पहारी र अभिनेत्री रेजिना उप्रेतीलाई "हरितारा चलचित्र पुरस्कार" प्रदान गरिने भएको छ । पुरस्कारको संस्थापक "परिवर्तन नेपाल"ले विज्ञप्ति जारी गर्दै यसबारे जानकारी दिएको हो । २०८० सालको पुरस्कार अभिनेता पहारी र २०८१ सालको पुरस्कार उप्रेतीलाई प्रदान गर्ने निर्णय गरेको जनाइएको छ । पुरस्कारको राशी २५ हजार नगद रहने उल्लेख छ । यस वर्षदेखि "हरितारा चलचित्र पत्रकारिता पुरस्कार"को स्थापना भएको छ ।



❐ वर्ष ३० ❐ अंक २६६ ❐ २०८२ वैशाख ९ गते मंगलबार 22 April 2025, Tuesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

**संक्षिप्त समाचार**

## शिक्षामन्त्री भट्टराईद्वारा राजीनामा



**पाल्पा, वैशाख ८**/शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले राजीनामा दिएकी छन् । प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेटेर सोमबार भट्टराईले राजीनामा बुझाएकी हुन् ।

के कारणले राजीनामा दिएको भन्ने कुरा भने खुलेको छैन् । २० दिनदेखि काठमाडौंमा जारी शिक्षक आन्दोलन र संसदीय समितिमा जारी विद्यालय शिक्षा विधेयकमाथिको दफावार छलफलको पृष्ठभूमिमा भट्टराईले राजीनामा दिएकी छन् । शिक्षकहरूको समस्या समाधान गर्दै आन्दोलन टुंग्याउनका लागि भएका वार्ता र छलफलमा प्रधानमन्त्रीले शिक्षामन्त्री भट्टराईलाई 'बाइपास' गर्दै आएका थिए । शुक्रबार साँझ बालुवाटारमा भएको शिक्षक आन्दोलनका प्रतिनिधि र प्रधानमन्त्रीबीको छलफलमा पनि शिक्षामन्त्री भट्टराई थिइनन् । शिक्षामन्त्री र प्रधानमन्त्रीबीचको चिसोपना सुरुवात भने यसअघिका घटनामै भइसकेको थियो । संसद्को शिक्षा, स्वास्थ्य समितिमा विद्यालय शिक्षा विधेयकका पेचिला दफा टुंगो लाग्न सकिरहेको छैनन् । शिक्षामन्त्रीको राजीनामाले यो प्रक्रिया नै थप पेचिलो बन्ने निश्चित छ ।

# जो पनि सडकमा : काम छाडेर आन्दोलन

## सरकार भने रमिते बन्यो

रामचन्द्र रायमाझी

**पाल्पा,** वैशाख ८/केही वर्ष अघिसम्म आन्दोलनको पर्याय नै बनेको थियो नेपाल बन्द । विभिन्न बहानामा 'नेपाल बन्द' गर्ने प्रवृत्ति व्यापक थियो । ठूला दलदेखि साना समूहसम्मले केही पर्‍यो कि नेपाल बन्द गरिहाल्थे । तर पछिल्लो समय नेपालै बन्द गर्ने आन्दोलन कम हुँदै गएका छन् । बरु आन्दोलनका नयाँ-नयाँ स्वरूपहरू आएका छन् । अहिले आफ्ना मागहरु राख्दै शान्ता तवरले सडकमा उत्रिएर आन्दोलन गर्ने क्रम बढेको छ ।

सरकारले जनहितमा काम गर्न नसकेको भन्दै आम जनतामा आक्रोश र निराशा बढ्दै गएका बेला केही दिन यता देशको राजधानी काठमाडौंका सडकमा कामै छाडेर शिक्षक, कर्मचारीहरू भने एकपछि अर्को गर्दै आन्दोलनमा उत्रिएका छन् । राज्यका विभिन्न निकायका कर्मचारीहरू पछिल्लो समय पेसागत सुरक्षाको मागसहित आन्दोलनमा उत्रिएका हुन् । सरकारको काम कारवाहीप्रति असन्तुष्टि राख्नेदेखि कानुन माग गर्नेसम्मका समूह सडकमा छन् । देशभरका शिक्षकहरु चैत २० गतेदेखि काठमाडौंका सडकमा निरन्तर आन्दोलित छन् । नेपाल शिक्षक महासङ्घको नेतृत्वमा





शिक्षकहरु सडकमा उत्रिएका छन् । अध्यादेशमार्फत विद्यालय शिक्षा ऐन ल्याउनुपर्ने माग गर्दै उनीहरु आन्दोलनमा छन् । यस अघि भएका सहमति सम्बोधन हुने गरी यथाशीघ्र विद्यालय शिक्षा ऐन जारी गर्नुपर्ने माग शिक्षकको छ । राहत, साबिक उच्च माध्यमिक, शिक्षण सिकाइ अनुदान, प्राविधिलगायत सबै अस्थायी शिक्षकको दरबन्दी कायम गरी आन्तरिक प्रतिस्पर्धाबाट स्थायी गर्नुपर्ने र स्थायी हुन नसके 'गोल्डेन ह्यान्डसेक' दिइनुपर्ने माग छ । त्यस्तै, हरेक १० वर्षमा शिक्षक बढुवाको व्यवस्था गर्नुपर्ने, निजी विद्यालयका शिक्षकको तलब सामुदायिक विद्यालयका शिक्षकको सरह हुनुपर्ने, शिक्षण पेसा प्रवेश उमेर ४० वर्ष कायम गर्नुपर्ने, शिक्षकका लागि राष्ट्रिय मर्यादाक्रमको व्यवस्था गर्नुपर्ने माग पनि छ । शान्तिपूर्ण रूपमा उनीहरूले आन्दोलन गरिरहेका छन् । सडकमा गीत गाउँदै नाच्दै प्रदर्शन गरिरहेका छन् । शिक्षक आन्दोलनका दिनदेखि नै काठमाडौंको यातायात पनि प्रभावित छ । सडकमा शिक्षकको भरिभराउ भएका कारण सार्वसाधारण यात्रुहरूले भने सास्ती बेहोर्दै आएका छन् । उता, निजामति कर्मचारी पनि कानुन माग गर्दै आइतबारदेखि आन्दोलनमा उत्रिएका छन् । स्थानीय तह कर्मचारी संघर्ष समितिसँग विगतमा गरेको सम्झौतालाई कार्यान्यन गर्न माग गर्दै आन्दोलनमा उत्रिएका छन् । स्थानीय तहका कर्मचारीका माग र मुद्दालाई समेटेर संघीय निजामती सेवा ऐन जारी गर्न माग गर्दै उनीहरु आन्दोलित बनेका हुन् । उनीहरुले आइतबार ७५३ वटै पालिकाका प्रमुखमार्फत राज्य व्यवस्था तथा सुशासन समितिका सभापति, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री, कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्री र मुख्य सचिवलाई ध्यानाकर्षण गराएका छन् । माग पूरा नभए शुक्रबार काठमाडौं केन्द्रित सडक आन्दोलन तथा सबै स्थानीय तहमा पेन डाउनका कार्यक्रमहरू गर्ने भन्दै उनीहरुले सरकारलाई चेतावनी समेत दिएका छन् । आवासीय चिकित्सकहरू पनि आफ्ना मागहरु राखेर आन्दोलनमा छन् । केही राजनीतिक दल तथा समूह संविधान संशोधन तथा व्यवस्था परिवर्तनसम्मका माग लिएर आन्दोलनरत छन् । जनसेवामा समर्पित हुनुपर्ने कर्मचारी, राजनीतिक दलहरु एकपछि अर्को गर्दै आन्दोलनमा उत्रिएका छन् । तर, झण्डै दुई तिहाईको शक्तिशाली सरकारले भने यी माग सम्बोधन गर्न सकिरहेको छैन । सरकारले चाहने हो भने कुनै पनि नीतिगत र कानुनी अप्ठ्यारा सजिलै फुकाउन सक्ने स्थिति छ । तर, अहिले सडकमा चौतर्फी आन्दोलन भइरहँदा पनि सरकार नागरिक असन्तुष्टि सम्बोधन गर्न गम्भीर देखिएको छैन ।

## आगलागीबारे चनाखो बनौ

- खाना पकाइसकेपछि आगो, ग्याँस, चुल्हो, स्टोभ वा हिटर निभाऔं,
- सिलिन्डरको रेगुलटर, पाइप, चुल्होबाट ग्याँस चुहावट (लिक) भएको छ/छैन, ख्याल गरौं,
- पेट्रोललगायत प्रज्वलनशील पदार्थको गन्ध आए बेवास्ता नगरौं,
- सलाई, लाइटरजस्ता वस्तु बालबालिकाले भेट्टाउने ठाउँमा नराखौं,
- गोठमा कुँडो पकाइसकेपछि राम्ररी आगो निभाऔं । जथाभावी आगो नबालौं,
- चुरोट, तमाखु, चिलिम, हुक्का र सुल्फा नखाऔं,
- विजुलीका तार, प्लग, स्वीच वा वायरिङ्गको नियमित जाँच गरौं,
- घरबस्तीनजिकै पोखरी, ट्याङ्की वा अरू कुनै तरिकाले पानीको जोहो गरौं,

***आगलागी भएमा स्थानीय तह, प्रहरी कार्यालय, दमकल, स्थानीय प्रशासन कार्यालयमा खबर गरौं***

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# पर्यटकको रोजाइमा धुर्कोटको विचित्र गुफा

**गुल्मी, वैशाख ८**/यहाँको धुर्कोट गाउँपालिका-५ स्थित विचित्र गुफा यतिबेला आन्तरिक एवं वाह्य पर्यटकको आकर्षणको केन्द्र बनेको छ । जिल्ला सदरमुकाम तम्घासदेखि पाँच कोष उत्तरमा विचित्र गुफा रहेको छ ।

विसं २०४५ मा बाँदर लखेट्ने क्रममा स्थानीय जनार्दन भण्डारीले पहिलो पटक उक्त गुफा पत्ता लगाएका थिए । पहिले विचित्र गुफा हेर्न आन्तरिक पर्यटकमात्र पुग्ने गर्दथे । पछिल्लो समय विदेशमा पनि विचित्र गुफाको प्रचार-प्रसार हुन थालेपछि विदेशी पर्यटकसमेत आउन थालेका छन् । हाल फ्रान्स जर्मनी र बेलायतका पर्यटक गुफा हेर्न आउने गरेको धुर्कोट गाउँपालिका अध्यक्ष भुपाल पोखेलले बताए । धेरै विदेशी नागरिक अरबिन्द्र आश्रममा योग साधनाका लागि



आउने गरेको र सोही अवसरमा गुफाको अवलोकन गरेर फर्कने गरेको उनले बताए । उक्त गुफा १८५ मिटर लम्बाई र ३५० मिटर चौडाइमा फैलिएको छ । स्थानीय जनार्दन भण्डारीले बारीमा मकै खान आएका बाँदर लखेट्ने क्रममा बाँदर एकाएक पहरा (चट्टान)को बीचमा रहेको सानो प्वालबाट भित्र पसेपछि त्यहाँ गुफा रहेको पत्ता लगाएको स्थानीय युवराज भण्डारीले बताए । गुफाको मुख्य प्रवेशद्वारबाट भित्र भित्तामा देखिने विभिन्न आकृतिले जो केहिको पनि ध्यान केन्द्रित गर्ने गरेको छ । गुफाको मुख्य आकर्षण भनेको 'स्वर्ग जाने बाटो' हो । 'स्वर्ग जाने बाटो' पुगेपछि गुफाको गन्तव्य टुङ्गिन्छ । स्वर्ग जाने बाटोमा धर्मात्मा मात्र भित्र पस्न सक्छन भन्ने मान्यता छ । स्वर्गजाने बाटो एकदमै साँगुरो छ र त्यहाँ स्पष्ट देख्न सकिने एउटा दृष्य हात्तिको भीमकाय शरीर हो । त्यहाँ प्राकृतिक रूपमा हात्तीको शरीर, पुच्छर र सुँड स्पष्ट रूपमा देख्न सकिन्छ । जो मानिस त्यहाँभित्र छिर्न सक्छ उसले आफूलाई भाग्यमानी ठान्दछ । गुफा क्षेत्रको विकासका लागि हालसम्म धुर्कोट गाउँपालिका, प्रदेश र सैबाट गरी दुई करोड बढी लगानी भइसकेको गाउँपालिकाका अध्यक्ष पोखेलले बताए । सदरमुकाम तम्घासबाट १८ किलोमटरको दुरीमा रहेको उक्त गुफामा पुग्न यातायात र पैदल मार्ग दुवै रहेको छ । ***- रासस***

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

## सम्पादकीय

# पृथ्वी जोगाऔं

पृथ्वीमाथि मानिसको अव्यवस्थित दोहन बढ्दै गएको छ । जसका कारण प्राकृतिक विपत्ति समेत बढ्दो छ । प्रकृति र पर्यावरण माथिको खेलवाडले जलवायु परिवर्तनको चपेटामा पृथ्वी परेको छ । औद्योगिक विकासको अस्वस्थ होडबाजीले जल, जंगल, जमिन र जीवजन्तुलाई नकारात्मक असर पर्दै गएको छ । अहिले जमिन मरुभूमीकरण बन्दै गएको, समुद्रको सतह बढ्दै गएको, हिमालको हिउँ पग्लिरहेको, आगलागी, वन विनाश जस्ता घटनाले पृथ्वी संकटमा छ । नेपाल विश्वसँगै जलवायु परिवर्तन र बढ्दो प्रदूषणको चपेटामा पर्दै गएको छ । प्रदुषणको जटिलताले गर्दा मानिसलगायत प्राणीजगत विभिन्न क्षेत्रका सिकार भइरहेका छन् ।

हामी बाँचेको पृथ्वीको हावापानी अघिल्लो पुस्ताले भोगेको भन्दा फरक छ । २५ वर्ष पहिले जस्तो विश्व अहिले छैन् । यस्तै अवस्था रहँदा आगामी पुस्ता त के युवा पुस्ताले नै अहिले भोगेको भन्दा भिन्न हावापानी भएको पृथ्वी पाउने छन् । जलवायु परिवर्तनका कारण सधैं हिउँले भरिएर टल्कने हिमाल काला बन्दैछन् । कयौं हिमनदीले आफ्नो भौगोलिक गति र स्थान फेरबदल गरिरहेका छन् । फुट्न लागेका र फुटेर लोप भएका हिमनदीको तथ्यांक बढ्दैछ । जलवायु परिवर्तनले समुद्र तटदेखि हिमालको चुचुरासम्मलाई आफ्नो प्रभाव क्षेत्रका रूपमा ताण्डव मचाएको छ । तर पृथ्वीको संरक्षण गर्ने दिशामा कसैको पनि ध्यान जान सकेको छैन । पृथ्वीको संरक्षण र पुनस्थापित गर्ने उद्देश्य राखेर हरेक वर्ष विश्व पृथ्वी दिवस मनाउने गरिन्छ । सन् २००९ मा संयुक्त राष्ट्र संघको ६३ औं महासभाले अप्रिल २२ का दिन पृथ्वी दिवस मनाउने निर्णय गरेको थियो । सोही दिनदेखि यो दिवस मनाउन थालिएको हो । तर हरेक वर्ष यो दिवस मनाइने गरिए पनि पृथ्वी जोगाउने कुरामा कसैले पनि चिन्ता व्यक्त गरेको पाइँदैन । यो विडम्वनाको कुरा हो । पृथ्वीको विनाश हुनु भनेको मानव लगायत सम्पूर्ण प्राणी जगतको विनाश हुनु हो । जथाभावी रुख विरुवा काटिनाले नदीनालाको छेउ किनारबाट वालुवा, ढुंगा, गिट्टी उत्खनन् गरिनाले, जथाभावी गाउँ–गाउँमा मोटरबाटो र डोजर आतंक गरिनाले अव्यवस्थित रुपमा बस्ती बस्नाले, अधिकमात्रामा थोत्रा सवारीसाधनको प्रयोग, अस्वस्थ्य औद्योगिकिकरण आदिले गर्दा पृथ्वी विनास हुँदै गएको छ । यसप्रति सबैले चिन्तन गर्नु आवश्यक छ । पृथ्वी बचाउन जलवायु परिवर्तनको असर कम गर्न मानिसले व्यवहार परिवर्तन गर्न आवश्यक देखिन्छ । यसको सुरुवातका लागि जङ्गल क्षेत्र बढाउने र दिगो विकासका लागि वैकल्पिक उपायको खोजि गरिनुपर्छ । यसो गर्न सकियो भने मात्र पृथ्वी जोगाउन सकिन्छ । तसर्थ यसतर्फ सबै पक्षले ध्यान दिन जरुरी छ ।

## Opinion @ Social Network

केही यात्रा एक्लै पूरा गर्नुपर्छ, ताकि जीवनले सिकाओस्,
को साँच्चै आफ्नो थियो, र को मात्र साथमा थियो।
*(सुमन रानाको फेसबुकबाट https://www.facebook.com.rana.suman)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# अब त नेताहरूलाई भन्नैपर्छ, कि राम्रो काम गर या राजनीति छाड



सोमबहादुर थापा

हामी नयाँ वर्ष ०८२ सालमा प्रवेश गरिसकेका छौं । नयाँ वर्ष नेपाल, नेपाली र विश्वभरका जनताका लागि सुख, शान्ति, समृद्धि र विकासको वर्ष बनोस् । संसारका सबै भागमा शान्ति, सद्भाव, भातृत्व प्रेम र दया र करुणा जागोस् भनी शुभकामना व्यक्त गर्नु हामी सबैको कर्तव्यको कुरा पनि हो ।

यतिखेर नेपालमा मात्रै नभएर विश्वका सबै भागमा अशान्ति, हिंसा, आतंक, घृणा, कलह र झगडा फैलिन गएको छ । रसिया र युक्रेनबीच तीन वर्षदेखि भयंकर युद्ध चलिरहेको छ भने गाजा तथा समग्र मध्यपूर्वमा पनि युद्ध र द्वन्द्व बढेर गएको छ । युद्ध, अशान्ति, हत्या र हिंसाको राजनीतिले कसैको पनि हित र भलो गर्दैन भन्ने कुरा अधिकांश सत्तामा बस्नेहरूले बुझ्न नसक्दा विश्व युद्ध र विनासको बाटोमा गइरहेको देखिन्छ । नेपाल वृद्ध, पशुपतिनाथ र सीताको जन्मभूमि भएको नाताले र ऋषिमुनिहरूको तपोभूमि भएकाले हरनेपालीले ०८२ सालमा विगतमा झैँ अशान्ति, द्वन्द्व, कलह, अविश्वास, हिंसा, आतंक र लडाई नहोस् भन्ने कामना गर्नुका साथै विश्वभर शान्ति स्थापनामा विशेष जोड दिन अत्यावश्यक देखिएको छ । नयाँ वर्षका लागि शुभकामना व्यक्त गर्ने क्रममा गतवर्ष नेपाल र विश्वभर घटेका मुख्य–मुख्य घटनाहरूको पनि राम्रो/नराम्रो पक्षबारे समीक्षा गरी तिनबाट केही पाठ सिकर अगाडि बढ्नु हामी सबैको कर्तव्यको कुरा पनि हो ।

२०८१ नेपाल र नेपालीका लागि सामान्य वर्ष रहन गयो । यो वर्ष नेपाल र नेपाली जनताका लागि भूकम्प, बाढी पहिरो, खडेरी, अभाव, बेरोजगारी, बेथिति, द्वन्द्व तथा कलह र महँगीको वर्ष नै रहन गयो ।नेपालको राजनीतिक अवस्था पनि विगतमा झैँ अस्थिरता, अन्यौलता र अविश्वासले ढाकिन गयो । राजनीतिक दलका नेताहरूमा सत्ता स्वार्थ, नातावाद, कृपावाद, गुटगत भावना, अहंकार र घृणा तथा भेद्भावको भावना बढेर जाँदा शासन/प्रशासनमा जताततै अनियमितता, बेथिति, कानुनको अवहेलना र भ्रष्टाचारका घटना बढेर गए । विश्वको सबै भागमा अनियमितता, भ्रष्टाचार र सार्वजनिक साधन/श्रोतको हिनामिना र दुरूपयोग गर्ने सानादेखि ठूला पदाधिकारी सबैमाथि कानुनी कारबाही हुने व्यवस्था अपनाएको देखिन्छ । तर नेपालमा अनियमितता र भ्रष्टाचारमा संलग्न हुने साना राष्ट्रसेवकलाई मात्र कानुनी कारबाही गर्ने गरिन्छ भने मन्त्री, प्रधानमन्त्री लगायत ठूला पदाधिकारीहरूलाई अनुसन्धानको दायरामा पनि ल्याउन नपाइने व्यवस्था छ । यसैले गर्दा नेपालमा अनियमितता, भ्रष्टाचार, सार्वजनिक साधन र श्रोतको हिनामिना तथा दुरूपयोग र आर्थिक अराजकताका घटना बढिरहेकै छन् । यसले गणतान्त्रिक र लोकतान्त्रिक व्यवस्थाको मर्म र उद्देश्यमाथि प्रहार हुन गएको छ । दलका नेताहरूमा सत्ता स्वार्थमा लागेपछि देशले विकास र समृद्धिको मार्ग समात्न सकेन । यसले गर्दा देशमा सुशासन, विकास र समृद्धिका कुरा भाषण र कागजमा सीमित हुन पुगे ।

> *यतिखेर नेपालमा मात्रै नभएर विश्वका सबै भागमा अशान्ति, हिंसा, आतंक, घृणा, कलह र झगडा फैलिन गएको छ । रसिया र युक्रेनबीच तीन वर्षदेखि भयंकर युद्ध चलिरहेको छ भने गाजा तथा समग्र मध्यपूर्वमा पनि युद्ध र द्वन्द्व बढेर गएको छ । युद्ध, अशान्ति, हत्या र हिंसाको राजनीतिले कसैको पनि हित र भलो गर्दैन भन्ने कुरा अधिकांश सत्तामा बस्नेहरूले बुझ्न नसक्दा विश्व युद्ध र विनासको बाटोमा गइरहेको देखिन्छ । नेपाल वृद्ध, पशुपतिनाथ र सीताको जन्मभूमि भएको नाताले र ऋषिमुनिहरूको तपोभूमि भएकाले हरनेपालीले ०८२ सालमा विगतमा झैँ अशान्ति, द्वन्द्व, कलह, अविश्वास, हिंसा, आतंक र लडाई नहोस् भन्ने कामना गर्नुका साथै विश्वभर शान्ति स्थापनामा विशेष जोड दिन अत्यावश्यक देखिएको छ ।*

यो आर्थिक वर्षको नौ महिना बित्दासम्म सरकारले एक खर्ब विकास बजेट खर्च गरेको विवरण महालेखा नियन्त्रक कार्यालयले सार्वजनिक गरेको छ । तीन खर्ब पनि खर्च गर्न नसक्ने सरकारले विकास र समृद्धिको लहर ल्याउँछ भन्ने आशा गर्नु बेकार छ । यो आर्थिक वर्षमा साधारणतर्फ नौ खर्ब खर्च भएको देखिन्छ । यस हिसाबले नौ महिनामा दस खर्ब जति खर्च हुन सकेको देखिन्छ । यो आर्थिक वर्षमा उन्नाइस खर्ब जतिको बजेट आयो, तर त्यो लक्ष्य पूरा गर्न सकिने अवस्था छैन ।

यस स्थितिको विचार गर्दा हामीले संघीय सरकारको सोच विचार, बजेट निर्माण सिद्धान्त र कार्यान्वयन क्षमतामाथि ठूलो प्रश्न उठ्न गएको छ । यस प्रश्नबारे केही लेख्ने वा भन्ने सन्दर्भमा हाम्रो संघीय संसद्को बजेटउपर छलफल गर्ने र बजेट अनुगमन गर्ने कार्यशैलीमाथि पनि प्रश्न उठ्न गएको छ । यसवर्ष नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल र नेकपा, एमालेका अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा दुई सरकार बने । सयोगको कुरा, के छ भने दुवै नेताको सरकारले दुई तिहाईको बहुमत पाए । तर पनि देशमा जनताले देख्न र भोग्न पाउने ठोस र परिणाममुखी काम गर्न सकेनन् । जनताले राहत र सुविधा पाउने कुरा त भएनन् । यी दुबै सरकारले परम्परागत र नियमित काम तथा जिम्मेवारी पनि निर्वाह गर्न सकेनन् । यस अर्थमा यी दुबै सरकार असफल हुन गए भन्नु अन्यथा नहोला । राजनीति देशको सबैभन्दा ठूलो नीति हो । यसले देश विकास र समृद्धिको स्पष्ट रणनीति र खाका बनाउन नसक्दा विकास र समृद्धिले गति लिन सकेन । जसले गर्दा जनतामा निराशा र असन्तुष्टि बढ्न गयो । युवाहरूमा नेपालमा बस्नुभन्दा विदेशमा गएर काम गर्नु बेस भन्ने भावना बढेर जाँदा आज देशमा उर्वर युवा जनशक्ति देख्न पनि गाह्रो हुन थालेको छ ।

यी दुबै सरकारले देशमा देखिएका बेरोजगारी समस्या, उत्पादन र उत्पादकत्वको समस्या तथा निजी क्षेत्रलाई व्यापार व्यवसाय र औद्योगिक वातावरणलाई प्रोत्साहन गर्ने काम गरी देशभित्र रोजगारी वृद्धि गर्ने र उत्पादन र उत्पादकत्व बढाउन सिन्को पनि भाच्ने काम गरेनन् । राजनीति दिशाहीन भएपछि देशका सबै क्षेत्रमा नीति, व्यवहार र काम कारबाही तथा सेवा प्रवाह पनि अप्रभावकारी बन्न जानु स्वभाविकै हो । देशमा लोकतन्त्रको पुनरोदयपछि र गणतन्त्रको शुरुवात भएपछि प्रशासनलगायत विद्यालय, क्याम्पस र विश्वविद्यालयहरूमा राजनीतिक हस्तक्षेप बढेर जाँदा गुणस्तरीय र प्रतिस्पर्धात्मक क्षमता र प्रभावकारिता घटेर जान थाल्यो । जसले गर्दा हाम्रा विश्व विद्यालयहरूले विश्वको जुनसुक भागमा गएर प्रतिस्पर्धा गर्न सक्ने विद्याार्थी उत्पादन गर्ने काम बन्द हुन गयो । अर्को कुरा, योग्यता, क्षमता र प्रतिस्पर्धाको युग हो । तर हामी समावेशिताको कुरा गरिरहेका छौं । यसले गर्दा जेहेन्दार र मेधावी विद्यार्थीहरू नेपालमा पढ्नभन्दा बाहिर पढ्न जान क्रम बडेर जान थालेको छ । बरु योग्य र क्षमतावान विद्यार्थीहरूलाई राज्यले ऋण दिएर जागीर पाएपछि असूल गर्ने नीति बसाल्न बसे र गुणस्तरीय र प्रतिस्पर्धात्मक शिक्ष दिन सके नेपालमा विद्यार्थीहरूलाई टिकाउन सकिन्थ्यो । यसतर्फ कुनै नेताको पनि ध्यान गएको देखिँदैन । राजनीतिपछि देशमा स्वस्थ, सवल, योग्य, दक्ष र प्रतिस्पर्धात्मक क्षमता भएका जनशक्ति उत्पादन गर्न शिक्षा क्षेत्र पनि बिग्रिन जाँदा यतिखेर नेपालको शिक्षा क्षेत्र अराजक हुन पुगेको छ । साथै हामीले अब परम्परागत शिक्षा नीतिलाई बदलेर व्यवसायिक, प्राविधिक र प्रविधिमैत्री शिक्षा नीति अपनाउन अत्यावश्यक देखिएको छ । तर हाम्रो देशका नेताहरूको ध्यान यसतर्फ यसवर्ष पनि गएको देखिएन । हाम्रा नेताहरूसँग देश विकास र समृद्धिको मार्गचित्र कोर्न क्षमता र दूरदर्शिता नहुँदा जनताको विकास र समृद्धिको आकांक्षा, आकांक्षामा सीमित रहन गए । देशमा प्रचण्ड नेतृत्वको सरकारले राजनीतिक स्थिर दिन नसक्दा विकासका योजना र कार्यक्रम पूरा नहुँदा जनतामा निराशा बढेर गयो भन्दै नेपाली कांग्रेस र नेकपा एमालेबीच नौ महिनाअगाडि संविधान संशोधन गर्ने र राजनीतिक स्थिरता ल्याउनेलगायतका सात बुँदे सम्झौता गरी दुई ठूला पार्टीको सरकार बन्यो । केपी ओली नेतृत्वको यो सरकारले सामान्य काम पनि गर्न सकेन । प्रधानमन्त्री कार्यालयदेखि सबै मन्त्रालयले पैतिस अंक पाउन पनि गाह्रो भएको सरकारले नै बताइरहेको छ ।

यतिबेला विश्वको अवस्था पनि बदलिएको छ । अब नेपालको विकास प्रयासमा विदेशी सहायता वा लगानी आउने सम्भावना कम छ । देशमा अनियमितता, भ्रष्टाचार, विकृति, कुशासन, अन्याय अत्याचार, दमन, शोषण र असमानता बढेर जाँदा अन्तर्राष्ट्रिय जगतले नेपाललाई राम्रो दृष्टिले हेर्न छाडेका छन् । संघीय संसदको कार्यशैली पनि परम्परागत हुन जाँदा यसबाट पनि जनतामा निराशा हुन गएको देखिन्छ । त्यस्तै राज्यका कुनै पनि संस्था वा अंगले प्रभावकारी सेवा सुविधा दिन नसक्दा मुलुकको अवस्था दिन दिने खस्केर जान थालेको छ । असफल र अक्षम नेताहरूबाट विकास र समृद्धि हुँदैन भन्ने बुझ्दा बुझ्दै पनि हामी जनता पनि तिनै नेताको पछाडि लाग्नु अर्को दु:खको कुरा हुन गएको छ । यस अर्थमा देशलाई बेथिति र कुशासनको बाटोमा हामी जनता बंगलादेश र श्रीलंकाका जनताले अक्षम र भ्रष्ट नेताहरूलाई बर्खास्त गर्दा हामी केही गर्न सकिरहेका छैनौँ ।

अन्तमा, हामी सबै मिलेर नेताहरूलाई राम्रो काम गर या राजनीति छाड् भन्ने चेतावनी दिनुपर्ने भएका छ । हामी सबै जनता जाग्न सकेमा देशले विकास र समृद्धिको बाटो समात्नेछ । ***-बाह्रखरी डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : समाजसेवामा मन लाग्नेछ । नयाँ रचना वा ज्ञानमा वृद्धि हुनेछ । | **तुला** : प्रयत्न गरेका कार्य सजिलै सम्पादन हुनेछन्। आफन्तहरूको सहयोग मिल्नेछ। |
| **बृष** : रोकिएका कार्य प्रारम्भ हुनेछन् । प्रशासनिक कार्यमा बाधाहरू आउनेछन्। | **बृश्चिक** : पेशामा श्रमअनुरूप फल मिल्नेछ। अप्ठ्यारो कार्य निर्वहन गर्नुपर्ला। |
| **मिथुन** : वैदेशिक कार्यहरू अघि बढ्नेछन्। सफलताको लागि संघर्ष गर्नुपर्ने छ । | **धनु** : प्रशासनिक वा राज्यपक्षबाट मनमा भय रहनेछ। आय सामान्य रहनेछ । |
| **कर्कट** : व्यापारबाट लाभार्जनका योग छन्। दाम्पत्य जीवन सुमधुर रहनेछ। | **मकर** : कार्यक्षेत्रमा नयाँ अवसर पाइनेछ। प्रेम सम्बन्ध सुमधुर रहनेछ । |
| **सिंह** : व्यापारमा फाइदा हुनेछ । प्रतियोगी परीक्षामा सफलता मिल्नेछ। | **कुम्भ** : मनमा नयाँ विचारहरू उत्पन्न हुनेछन्। कलाको क्षेत्रमा सफलता मिल्नेछ। |
| **कन्या** : कार्यक्षेत्रमा कार्यको प्रशंसा हुनेछ। पढाइमा भन्दा मनोरंजनमा समय बित्नेछ। | **मीन** : नयाँ अवसरहरू मिल्नेछन्। विवादास्पद समस्याहरूबाट टाढा रहनुहोस्। |

## विज्ञान/सूचना प्रविधि

# के पृथ्वीबाहेक अन्यत्र पनि जीवन छ ?



वैज्ञानिकहरूले पृथ्वीबाट एउटा टाढाको ग्रहमा जीवनको सम्भावना रहेको संकेत फेला पारेको बताएका छन् ।

बेलायतको क्याम्ब्रिज विश्वविद्यालयको एक अनुसन्धान टोलीले के२-१८बी नामक ग्रहको वायुमण्डलमा पृथ्वीमा साधारण जीवहरूले मात्र उत्पादन गर्ने अणुहरूको संकेत पत्ता लगाएका छन् । यो नासाको जेम्स वेब स्पेस टेलिस्कोपले यस ग्रहको वायुमण्डलमा जीवनसँग सम्बन्धित रसायनहरू पत्ता लगाएको दोस्रो 'बढी आशावादी' घटना हो । तर, अनुसन्धान टोली र स्वतन्त्र खगोलविद्हरूले यी नतिजाहरू पुष्टि गर्न अझै धेरै डाटा आवश्यक पर्नेमा जोड दिएका छन् ।

अनुसन्धान प्रमुख प्रोफेसर निक्कु मधुसूधनले क्याम्ब्रिज विश्वविद्यालयको खगोल विज्ञान संस्थानको प्रयोगशालामा भने, "त्यहाँ जीवन हुनसक्छ भनेर यो हालसम्मको सबैभन्दा बलियो प्रमाण हो । हामी एकदेखि दुई वर्षभित्र यस संकेतलाई पुष्टि गर्न सक्छौँ ।" के२-१८बी पृथ्वीभन्दा ढाई गुणा ठूलो छ र हामीबाट सात सय ट्रिलियन माइल टाढा छ ।

नासाको जेम्स वेब स्पेस टेलिस्कोप यति शक्तिशाली छ कि यसले आफ्नो सानो रातो सूर्यबाट आउने प्रकाशको विश्लेषण गरेर यस ग्रहको वायुमण्डलको रासायनिक संरचना पत्ता लगाउन सक्छ । क्याम्ब्रिज विश्वविद्यालयको समूहले यस ग्रहको वायुमण्डलमा जीवनसँग सम्बन्धित दुई अणुहरूमध्ये कम्तीमा एक डाइमेथाइल सल्फाइड र डाइमेथाइल डाइसल्फाइडको रासायनिक छाप फेला पारेको छ । पृथ्वीमा, यी ग्यासहरू समुद्री फाइटोप्लांकटन र जीवाणुहरूले उत्पादन गर्छन् । प्रोफेसर मधुसूधनले एकैपटक अवलोकन गर्दा यति धेरै मात्रामा ग्याँस पत्ता लागेकोमा आश्चर्य व्यक्त गरे । उनले भने, "हामीले अनुमान गरेअनुसार यस ग्रहको वायुमण्डलमा यस ग्यासको मात्रा पृथ्वीभन्दा हजारौँ गुणा बढी छ ।" "यदि जीवनसँगको यो सम्बन्ध वास्तविक हो भने, यो ग्रह जीवनले भरिएको हुनेछ," उनले भने ।

प्रोफेसर मधुसूधनले अगाडि भने, "यदि हामीले के२-१८बी मा जीवन छ भन्ने पुष्टि गर्न सक्यौँ भने, यसले मूलत: हाम्रो आकाशगंगामा जीवन धेरै सामान्य छ भन्ने पुष्टि गर्छ ।" यस चरणमा धेरै सर्तहरू रहेको उनले स्वीकार गरे । पहिलो कुरा, यसले नयाँ खोज आविष्कारको दावी पूरा गर्दैन । वैज्ञानिकहरूले आफ्ना नतिजाहरू ९९.९९९९९ प्रतिशतसम्म निश्चित हुनुपर्छ । वैज्ञानिक भाषामा यसलाई पाँच सिग्मा नतिजा भनिन्छ । तर, हालका नतिजाहरूले केवल ९९.७ प्रतिशत मात्र निश्चितता प्रदान गर्छ । यो वैज्ञानिक समुदायलाई विश्वास दिलाउन अपर्याप्त छ । यद्यपि, १८ महिनाअघि प्राप्त ६८ प्रतिशत सम्भावनाभन्दा धेरै बढी हो ।

एडिनबर्ग विश्वविद्यालयका प्रोफेसर क्याथरिन हेमन्सले भनिन् "पाँच सिग्मा नतिजा पनि ग्रहमा जीवनको निर्णायक प्रमाण होइन," उनले बीबीसीलाई भनिन्, "त्यस्तो उच्च निश्चितता भए पनि, यो ग्यासको उत्पत्ति कहाँबाट भयो भन्ने प्रश्न बाँकी नै हुन्छ ।" "पृथ्वीमा यो समुद्री सूक्ष्मजीवहरूले उत्पादन गर्छ, तर एउटा अन्य ग्रहमा यसको जैविक उत्पत्ति भएको निश्चित भन्न हामी उत्तम डाटा भए पनि सक्दैनौँ । किनभने बह्माण्डमा धेरै अनौठो घटनाहरू घट्छन् र के२-१८बी ग्रहमा अन्य कुन भूगर्भीय प्रक्रियाहरूले यी अणुहरू उत्पन्न गर्न सक्छन् भन्ने हामीलाई थाहा छैन," उनले थप भने । यो विचारसँग क्याम्ब्रिज टोली सहमत छ । उनीहरूले प्रयोगशालामा डीएमएस र डीएमडीएस अजैविक तरिकाले उत्पन्न गर्न सकिन्छ कि भनेर अन्य समूहहरूसँग मिलेर काम गरिरहेका छन् । अन्य अनुसन्धान समूहहरूले के२-१८बी बाट प्राप्त डाटाको वैकल्पिक (जीवनविहीन) व्याख्या पेस गरेका छन् । वैज्ञानिकहरूमा केवल डीएमएस र डीएमडीएसको उपस्थितिबारे मात्र नभएर ग्रहको संरचनाबारे पनि गहिरो बहस छ ।

धेरै शोधकर्ताहरूले यस ग्रहमा विशाल तरल महासागर छ भन्ने अनुमान गर्छन् । किनभने के२-१८बीको वायुमण्डलमा एमोनिया ग्यासको अभाव छ । उनीहरूको सिद्धान्तअनुसार एमोनिया तलको पानीले सोसिएको हुन सक्छ । तर, क्याम्ब्रिज विश्वविद्यालयका प्रोफेसर ओलिभर शोर्टलले बताएअनुसार यसलाई पग्लिएको चट्टानको महासागरले पनि व्याख्या गर्न सकिन्छ, जसले जीवनको सम्भावना पूरै खारेज गर्छ ।

"अन्य ताराहरूको परिक्रमा गर्ने ग्रहहरूबारे हामीलाई जे पनि थाहा छ, त्यो तिनीहरूको वायुमण्डलबाट झल्कने सानो मात्रामा प्रकाशबाट आउँछ । केवल जीवनका संकेतहरूका बारेमा मात्र नभएर अन्य सबै कुराको लागि पनि अत्यन्त सूक्ष्म संकेत हामीले अध्ययन गर्नु परेको छ," उनले भने, "के२-१८बीसँग सम्बन्धित वैज्ञानिक बहस अझै पनि ग्रहको संरचनाको बारेमा नै केन्द्रित छ ।" नासाको एम्स रिसर्च सेन्टरका डा. निकोलस वोगनले भने उक्त तथ्यांकको अर्कै व्याख्या गरेका छन् । उनले प्रकाशित गरेको अनुसन्धानका अनुसार, के२-१८बी एक सतह नभएको सानो ग्यास हो । यी वैकल्पिक व्याख्याहरूलाई पनि अन्य समूहहरूले चुनौती दिएका छन् । किनभने यी जेम्स वेब स्पेस टेलिस्कोपबाट प्राप्त डेटासँग मेल नखाने देखिएको छ । यसले के२-१८बी वरिपरिको वैज्ञानिक बहस कत्तिको बलियो छ भन्ने देखाउँछ ।

प्रोफेसर मधुसूदन के स्वीकार्छन् भने उनीहरूले विज्ञानको सबैभन्दा ठूलो प्रश्नहरूमध्ये एकको उत्तर दिन अझै ठूलो वैज्ञानिक यात्रा पार गर्न बाँकी छ । तर उनी के विश्वास गर्छन् भने आफू र आफ्नो टोली सही मार्गमा छन् । "केही दशकपछि, हामी अहिलेको समयमा फर्केर हेर्दा जीवित ब्रह्माण्ड हाम्रो पहुँचमा आयो भनेर यो क्षणलाई सम्झनेछौँ," उनले भने, "यो एउटा यस्तो मोड हुन सक्छ, जहाँ हामी ब्रह्माण्डमा एक्लै हौँ कि होइनौ भन्ने मौलिक प्रश्नको उत्तर दिन सक्ने क्षमतामा पुग्छौँ ।" *-बाह्रखरी डटकम*


## डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु
  बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग
  नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक
  प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन
  आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
**डिभिजन वन कार्यालय**
तानसेन, पाल्पा


# एनसेल एपमार्फत रिचार्ज गर्दा बोनस डेटा पाइने

एनसेलका ग्राहकहरूले एनसेल एपमार्फत अब प्रत्येक रु १०० र सो भन्दा माथिको अनलाइन ब्यालेन्स रिचार्ज गर्दा बोनस डेटा पाउने भएका छन् ।

एनसेल एप ग्राहकहरुको डिजिटल यात्रालाई अझ सहज बनाउने उद्देश्यका साथ थुप्रै उपयोगी सुविधाहरूसहित डिजाइन गरिएको सेल्फ सर्भिस एप भएको कम्पनीले जनाएको छ । एनसेल एपमार्फत रु. १०० देखि रु. २०० सम्मको अनलाइन रिचार्ज गर्दा ग्राहकहरूले १ दिनको लागि २०० एमबी बोनस डेटा प्राप्त गर्दछन् । यस्तै रु. २०० वा सोभन्दा माथिको अनलाइन रिचार्ज गर्दा ३ दिनको लागि मान्य रहने ५०० एमबी बोनस डेटा पाइन्छ । स्क्र्याच कार्ड प्रयोग गरेर गरिएको रिचार्जमा डेटा बोनस लागू नहुने एनसेलले जनाएको छ । यो बोनस अफरले ग्राहकहरूलाई डिजिटल माध्यम अपनाउन प्रोत्साहित गर्नुका साथै बोनस डेटाको फाइदा दिन्छ ।

यसका साथै ग्राहकहरुले एनसेल एपमार्फत एपमा उपलब्ध विविध सेवा सुविधाहरू उपयोग गरी त्यसको फाइदा लिन सक्ने कम्पनीले जनाएको छ । एनसेलले प्रेस विज्ञप्ति जारी गरी जनाएअनुसार ग्राहकमैत्री यो एपले प्रयोगकर्ताहरूलाई दुई क्लिकमै विभिन्न सेवा उपयोग गर्न सक्षम बनाउँछ, जसले गर्दा यो एक नभई नहुने सेल्फ केयर टुलको रूपमा स्थापित भएको छ । एनसेल एपमार्फत प्रयोगकर्ताहरूले सजिलै डेटा वा भ्वाइस प्याक, सधैं अन प्याकहरु, सधैं अन रिन्यूअल प्याकहरु लिन, अन लाइन रिचार्ज गर्न सक्छन् । आफ्नो सेवा प्रयोगको विवरण हेर्न सक्छन्, डेटालाई भ्वाइसमा वा भ्वाइसलाई डेटामा परिवर्तन गर्न सक्छन् । साथै ग्राहकले प्याकहरु उपहारको रूपमा पठाउन सक्छन्, र अरू धेरै सुविधाहरू उपयोग गर्न सक्छन् । अन्य उपलब्ध सुविधाहरूमा अनलाइन तथा अफलाइन गेमहरू, अनलाइन समाचारहरूको उपलब्धता, मासिक बिल हेर्ने सुविधा, सेवा सक्रिय गर्ने वा लिएका सेवा निष्क्रिय गर्ने सुविधा, रोमिङ सेवा लगायत थुप्रै सेवाहरू समावेश रहेको कम्पनीले जनाएको छ । विभिन्न उदेश्यले छिटो वा लामो समयका लागि विदेश जाने एनसेलका ग्राहकहरुका लागि पनि एनसेल एप एक प्रभावकारी सेल्फ सर्भिस एप हो, जसले उनीहरूलाई सजिलै रिचार्ज गर्न, प्याक खरिद गर्न र रोमिङ सेवाका साथ सजिलै सम्पर्कमा रहन मद्दत गर्दछ ।

एनसेलका ग्राहकहरूले एनसेल एप गुगल प्ले स्टोर वा एप स्टोरबाट डाउनलोड गरी यी विभिन्न सुविधाहरूको लाभ लिन सक्ने पनि कम्पनीले जनाएको छ ।

*-हाम्राकुरा डटकम*


लुम्बिनी प्रदेश सरकार
शहरी विकास तथा खानेपानी मन्त्रालय
**खानेपानी तथा सरसफाई कार्यालय**
तानसेन, पाल्पा

## जि आई पाइप र एच डि पी खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशन मिति: २०८२/०१/०९ गते)

यस कार्यालयको लागि तपशिल बमोजिमको सप्लाई कार्य गर्न इच्छुक इजाजत प्राप्त सप्लायर्सले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रिततपुर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

१) दरभाउपत्र फाराम खरिद गर्न ईच्छुक सप्लायर्सले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र चालु आ.व. को लागि नविकरण भएको फर्म दर्ता प्रमाण पत्र, स्थायी लेखा दर्ता प्रमाण पत्र, मू.अ. कर दर्ता प्रमाण पत्र एवं आ. व. २०८०/०८१ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी लिखित निवेदन पेश गरी रु. १,०००/राजश्व दस्तुर (फिर्ता नहुने गरी) बुझाई यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२) खरिद गरिएको शिलबन्दी दरभाउपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजेभित्र यस कार्यालयको नाममा सम्बोधन गरी शिलबन्दी दरभाउपत्र फाराम पेश गर्नेको नाम, ठेगाना र फोन नं. उल्लेख गरी सहिछाप गरी शिलबन्दीमा लाहाछाप लगाई खामको बाहिर कामको विवरण, ठेक्का नं. समेत उल्लेख गरी यस कार्यालयमा तोकिएको समयभित्रै दर्ता गराई सक्नुपर्नेछ । सो शिलबन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन दिउसो २:०० बजे खोलिने छ ।

३) दरभाउपत्र खरिद कर्ताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय/सप्लाई सम्बन्धी कसुरमा कुनै सजाय नपाएको भनी लिखित रुपमा स्वघोषणा गरेको कागजात शिलबन्दी दरभाउपत्रका साथ पेश गर्नुपर्नेछ ।

४) सिलबन्दी दरभाउपत्र साथ जमानत वापत तपशिलमा उल्लेख गरेबमोजिमको जमानत रकम यस कार्यालयको कार्यालय कोड नं. ३४७०२५००१५ राखी को.ले.नि.का. पाल्पाको रा.बा. बैक पाल्पा शाखामा रहेको खा.नं. १०००१००२०००१०००० (एकल कोष धरौटी खाता) मा दाखिला गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा दरभाउपत्र दाखिला हुने अन्तिम दिनबाट गणना हुने गरी ७५ दिन अवधी (Validity) रहेको नेपाल सरकारबाट "क" बर्गको मान्यता प्राप्त गरेको बैंकबाट सक्कल जमानीपत्र संलग्न गरी पेश गर्नुपर्नेछ ।

५) सम्बन्धित सप्लाई गर्न इजाजत प्राप्त सप्लायर्सले मात्र दरभाऊ खरिद गर्ने पाउने छ ।

६) दररेट अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अक्षर र अंकमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

७) म्याद नाघि आएको वा रित नपुगेको वा कुनै पनी शर्त राखी पेश गरेको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

८) शिलबन्दी दरभाउपत्र सम्बन्धी सम्पूर्ण कुराहरु यसमा लेखिएको बमोजिम र यसमा उल्लेख नभएका हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ तथा नेपाल सरकारका अन्य ऐन, नियमहरु बमोजिम हुनेछन् ।

९) शिलबन्दी दरभाउपत्र खरिद गर्ने तथा पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो कार्यहरु क्रमश: कार्यालय खुलेको अर्को दिन हुनेछ।

१०) शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । दरभाउपत्र सम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस कार्यालयको फोन नं. ०७५-५२०००७ मा सम्पर्क गरी वा कार्यालयमा आई बुझ्न सकिने छ साथै शिलबन्दी दरभाउपत्र सम्बन्धी थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क गरी जानकारी लिन सकिने छ ।

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | कार्य स्थल | लागत अनुमान अंक भ्याट र बिमा बाहेक | जमानत रकम | दरभाऊ पत्र खरिद दस्तुर रकम |
|---|---|---|---|---|---|---|
| १ | WSSO/PALPA/SQ/G/081-82/05 | Supply and Delivery of GI Pipe for Different Water Supply Project . | खानेपानी तथा सरसफाई कार्यालय तानसेन पाल्पा | 17,61,270.00 | 50,000.00 | 1000.00 |
| २ | WSSO/PALPA/SQ/G/081-82/06 | Supply and Delivery of GI Pipe for Different Water Supply Project . | खानेपानी तथा सरसफाई कार्यालय तानसेन पाल्पा | 17,61,498.00 | 50,000.00 | 1000.00 |
| ३ | WSSO/PALPA/SQ/G/081-82/07 | Supply and Delivery of HDPE Pipe (PE-100) as per NS 40:2022 for Different Water Supply Project | खानेपानी तथा सरसफाई कार्यालय तानसेन पाल्पा | 17,80,352.00 | 50,000.00 | 1000.00 |
| ४ | WSSO/PALPA/SQ/G/081-82/08 | Supply and Delivery of GI Pipe for Different Water Supply Project . | खानेपानी तथा सरसफाई कार्यालय तानसेन पाल्पा | 10,65,626.00 | 31,000.00 | 1000.00 |

...................................
डिभिजन प्रमुख

# तानसेनमा कम्प्युटर, हार्डवेयर प्रशिक्षण प्रभावकारी बन्दै




**जगदीश भट्टराई**

**पाल्पा, वैशाख ८**/तानसेनमा सञ्चालित दीगो तथा सम्मानित रोजगारी लागि सीप परियोजना (इन्स्योर) अन्तर्गत कम्प्युटर, हार्डवेयर, नेटवर्किङ्ग सम्बन्धी प्रशिक्षण कार्यक्रम प्रभावकारी बन्दै गएको छ । तानसेन नगरपालिकाको आयोजना र हेल्भेटासको प्राविधिक सहयोगमा सञ्चालित कार्यक्रम प्रभावकारी बन्दै गएको हो ।

युवा स्वरोजगारका लागि कम्युटर, हार्डवेयर र नेटविर्किङ्ग प्रशिक्षण प्रभावकारी बन्दै गएको नगर प्रमुख सन्तोषलाल श्रेष्ठले बताए । उनले प्रशिक्षण लिएका युवाहरुले अहिले सक्रिय भएर काममा लागेको बताए । मेयर श्रेष्ठले भने '९ जना महिला र ११ जना पुरुषले कम्प्युटर, हार्डवेयर, नेटवर्किङ्ग सम्बन्धी प्रशिक्षण लिएका हुन् । ति सबै जनाले अहिले उत्साहजन रुपमा काम गरिरहेका छन् ।' परियोजनाले युवाहरुलाई स्वरोजगार बनाउने बाटोमा प्रभावकारी काम गरेको नगर प्रमुख श्रेष्ठले विश्वास व्यक्त गरे । उनले सामाजिक-आर्थिक रुपान्तरणका लागि दक्ष जनशक्तिको विकास अपरिहार्य भएको यथार्थ औंल्याउँदै परियोजनाबाट युवा वर्गलाई लाभदायी रोजगारीका अवसर प्राप्त गर्न सहज भएको बताए ।

परियोजनमार्फत सञ्चालित कार्यक्रमबाट कम्प्युटर, हार्डवेयर, नेटवर्किङ्ग सम्बन्धी १० महिने प्रशिक्षण लिएका युवाहरुको प्रयोगात्मक कार्यको नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी, इन्स्योर प्रतिनिधिहरुले निरीक्षण समेत गरेका छन् । दश महिने प्रशिक्षणपछि २० जना युवाहरुले प्रयोगात्मक प्रशिक्षणका लागि तानसेनका विभिन्न इन्ष्टिच्युटहरुमा पढाइरहेका छन् । तिनीहरुको नगरपालिकाबाट बेला-बेलामा अनुगमन तथा निरीक्षण हुने गरेको छ । सोमबार नगरपालिकाकी उपप्रमुख प्रतिक्षा सिंजालीको नेतृत्वमा प्रमुख प्रशासकिय अधिकृत पिताम्बर पाण्डेय, लेखाशाखा प्रमुख कोसलराज घिमिरे, शिक्षा शाखा प्रमुख कोपिला न्यौपानेसहित इन्स्योरका प्रतिनिधिहरुको टोलीले प्रयोगात्मक कार्यको स्थलगत अवलोकन गरेका हुन् ।

# आज विश्व पृथ्वी दिवस मनाइँदैं



**पाल्पा, वैशाख ८**/आज विश्व पृथ्वी दिवस, नेपालसहित विश्वभर विभिन्न कार्यक्रम गरेर मनाइँदै छ । अप्रिल २२ का दिन विश्वभर पृथ्वीमा बढ्दै गएका विकराल समस्या समाधान न्यूनीकरण गर्न र मानिसलाई प्रेरित गराउन यो दिवस मनाउने गरिएको हो ।

संयुक्त राष्ट्र संघको ६३ औं महासभाले अप्रिल २२ का दिन पृथ्वी दिवस मनाउने निर्णय गरेको थियो । सोही निर्णय अनुसार १९२ भन्दा बढी राष्ट्रहरूमा यो दिवस मनाउन लागिएको हो । सन् १९७० अप्रिल २२ तारिखमा विश्वमा पहिलो पटक यो दिवस अमेरिकाले मनाएको थियो । यो एउटा दिवस हो जसलाई पृथ्वीको पर्यावरणको बारेमा प्रशंसा र जागरूकतालाई प्रेरित गर्न निर्धारण गरिएको छ । सन् १९६९ सान फ्रान्सिस्कोमा युनेस्कोको सम्मेलनमा शान्ति कार्यकर्ता जोन म्याक कोनेलले १९७० मा उत्तरी गोलार्धको बसन्त ऋतुको पहिलो दिन मार्च २१ बाट मनाउने गरी पृथ्वीको सम्मान तथा शान्तिको अवधारणाको लागि एक दिनको माग गरका थिए । तर पछि अमेरिकी सिनेटर गेलर्ड नेल्सनले सन् १९७० मा पर्यावरण शिक्षाको रुपमा एक छुट्टै पृथ्वी दिवसको सुरुवात गरे । त्यस्तै सन् २००९ मा राष्ट्रसंघको ६३ औं महासभाले अप्रिल २२ तारिखलाई विश्वभर पृथ्वी दिवसका रुपमा मनाउने निर्णय गरे अनुसार अहिले यो दिवस विश्वभर मनाइन्छ ।

नेपाल विश्वसँगै जलवायु परिवर्तन र बढ्दो प्रदूषणको चपेटामा पर्दै गएको छ । प्रदुषणको जटिलताले गर्दा मानिसलगायत प्राणीजगत विभिन्न क्षेत्रका सिकार भइरहेका छन् । पृथ्वीमाथि मानिसको अव्यवस्थित दोहन बढ्दै गएको छ । जसका कारण प्राकृतिक विपत्ति समेत बढ्दो छ । प्रकृति र पर्यावरण माथिको खेलवाडले जलवायु परिवर्तनको चपेटामा पृथ्वी परेको छ । औद्योगिक विकासको अस्वस्थ होडबाजीले जल, जंगल, जमिन र जीवजन्तुलाई नकारात्मक असर पर्दै गएको छ । अहिले जमिन मरुभूमीकरण बन्दै गएको, समुद्रको सतह बढ्दै गएको, हिमालको हिउँ पग्लिरहेको, आगलागी, वन विनाश जस्ता घटनाले पृथ्वी संकटमा छ । जलवायु परिवर्तनका कारण दिनप्रतिदिन बढिरहेको पृथ्वीको तापक्रमलाई कम गर्दै कसरी विकास गर्न सकिन्छ भन्ने मुख्य उद्देश्य राखेर अबका दिनमा अघि बढ्नुपर्ने विज्ञहरू बताउँछन् । जलवायु परिवर्तनले पारेको असरलाई मध्यनजर गरेर त्यसलाई नियन्त्रण गर्न सके मात्र पृथ्वीको संरक्षण हुन सक्छ ।

## खेलकुद समाचार

### फुटबल टोलीको मुख्य प्रशिक्षकका लागि आवेदन



**काठमाडौं, वैशाख ८**/ अखिल नेपाल फुटबल सै (एन्फा) ले राष्ट्रिय महिला फुटबल टोलीको मुख्य प्रशिक्षकका लागि आवेदन माग गरेको छ ।

मुख्य प्रशिक्षकका लागि 'प्रो लाइसेन्स' अनिवार्य गरिएको छ । यस्तै सिनियर महिला वा उमेर समूहमा व्यावसायिक फुटबलमा दुई वर्ष प्रशिक्षण गरेको अनुभव हुनुपर्ने सूचनामा उल्लेख छ । अहिले राजेन्द्र तामाङले राष्ट्रिय महिला फुटबल टोलीको प्रशिक्षण सम्हाल्दै आएका छन् । यसैगरी एन्फाले पर्फमेन्स एनलिस्टका लागि पनि आवेदन माग गरेको छ । यस पदमा आवेदन दिनका लागि प्रख्यात संस्थाबाट लेभल-वान फुटबलमा फिटनेस कोर्स र डेटा एनालिस्टको प्रमाणपत्र लिएर एक वर्ष काम गरेको हुनुपर्नेछ । दुई वटै पदमा आउँदो मे २० सम्म आवेदन दिन सकिनेछ ।

**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

## सच्याइएको

नवजनचेतना राष्ट्रिय दैनिकको वर्ष ३० अंक २६५, मिति २०८२/१/८ गते तेस्रो पृष्ठमा प्रकाशित अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लि. रामपुर पाल्पाको **'ऋण चुक्ता गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना'** शिर्षकको सूचनामा ऋणीहरु कमल प्रसाद पोखरेलको साविकको ठेगाना रामपुर गाविस -५ पाल्पा, राजेन्द्र प्रसाद देवकोटाको साविकको ठेगाना रामपुर गाविस -७ पाल्पा, गुरु प्रसाद पराजुलीको साविकको ठेगाना रामपुर गाविस-७ पाल्पा, चित्रकला ढकालको साविकको ठेगाना रामपुर गाविस -७ पाल्पा, सुक माया सुनारको साविकको ठेगाना रामपुर गाविस -५ पाल्पा र डिलमाया सुनारको साविकको ठेगाना रामपुर गाविस -३ पाल्पा हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ । *-सम्पादक*

## अर्थ/कर्पोरेट समाचार

# सुनको मूल्य हाल सम्म उच्च



**पाल्पा,** वैशाख ८/सुनको मूल्य प्रतितोला रू एक लाख ९१ हजार पुगेको छ । नेपाली बजारमा यो हालसम्मकै उच्च मूल्य हो ।

आइतबार तोलामा रू एक लाख ८९ हजार आठ सयमा कारोबार भएको सुन यसदिन प्रतिलोला रू एक हजार दुई सयले बढेको नेपाल सुनचाँदी व्यवसायी महासैले जनाएको छ । यसदिन स्थानीय बजारमा चाँदी प्रतितोला रू एक हजार नौ सय ६० मा कारोबार भइरहेको छ । अन्तर्राष्ट्रिय बजारमा आज सुन प्रतिऔंस तीन हजार तीन सय १५ अमेरिकी डलर हाराहारीमा कारोबार भइरहेको छ ।



# हार्दिक समवेदना



जन्म
वि.सं. १९९०/०१/०७

स्वर्गारोहण
वि.सं. २०८२/०१/०५

**स्व.डिला खाम्चा मगर**

यस जनज्योती लाङ्घाली गुठीका सचिवका, पिता स्व. झमान सिं खाम्चाको श्रीमती, छोरा फत्त बहादुर खाम्चा, बिर बहादुर खाम्चा, टोप बहादुर खाम्चा र छोरी लिला कुमारी गाहाको ममतायी माता कानुङ मै समूहकी सदस्य श्रीमती धनिसरा खाम्चा,श्रीमती तिलिसरा खाम्चा र श्रीमती सिता देवि खाम्चाकी सासुआमा **डिला खाम्चा मगर** को यही मिति २०८२ वैशाख ५ गते शुक्रबारको दिन ९२ वर्षको उमेरमा भएको असामयिक निधनले यस गुठी कानुङ मै समूह परिवार स्तब्ध भएको छ । यस दुःखद् घडीको आज ५ औं दिनको पुण्यतिथीमा दिवंगत आत्माको चिरशान्तिको कामनासहित **हार्दिक श्रद्धाञ्जली** व्यक्त गर्दै शोकाकुल परिवारजनमा ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनि **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

| | | |
|---|---|---|
| मन बहादुर आले<br>कोषाध्यक्ष | श्रीमती दुर्गी थापा<br>सदस्य | कुल बहादुर आले<br>अध्यक्ष |
| बन्दना राना खड्का<br>कोषाध्यक्ष | निर्मला राना सारु<br>सचिव | मिना सिंजाली पचभैया<br>अध्यक्ष |

एवं

**जनज्योती लाङ्घाली गुठी एवं कानुङ मै समूह परिवार**

तानसेन-२, मेहलधारा, पाल्पा

# विद्यार्थी भर्ना अभियानमा सबैले योगदान गरौं

- विद्यालयले आ-आफ्नो सेवा क्षेत्रभित्रका अभिभावकलाई टेलिफोन, इन्टरनेट, रेडियो, टेलिभिजन तथा सामाजिक सञ्जालबाट सूचना प्रवाह गर्ने,
- अभिभावकविहीन बालबालिकाको अध्ययनमा सहयोग गर्ने व्यक्ति तथा संस्थाको पहिचान र उचित सम्मान गर्ने,
- सामुदायिक सिकाइ केन्द्रहरुले विद्यालयबाहिर रहेका बालबालिकाको लगत संकलन गर्ने,
- सार्वजनिक जीवनका व्यक्तिहरुले विद्यालय उमेर समूहका सीमान्तकृत समूहका, अपाङ्गता भएका वालबालिकाका लागि विद्यालय भर्नाको पहल गर्ने,
- स्थानीय तहले भर्ना अभियानको नेतृत्व गर्ने ।

***सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता ।***

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानुन मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई